# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल


पत्र संख्या :- २०७४/०७५
चलानी नं. :- ४५३

मिति :- २०७४/०७/२४

**विषय : संघ-संस्था दर्ता तथा नविकरण सम्बन्धमा ।**

**श्री १ देखि ९ नं. वडा कार्यालय,**
**दक्षिणकाली नगरपालिका ।**

उपर्युक्त सम्वन्धमा यस नगरपालिका भित्र रहेका संघ-संस्थाहरुको दर्ता तथा तथा नविकरणका लागि यस नगरपालिकाबाट जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लागि आवश्यक सिफारिस गर्न सम्बन्धीत वडा कार्यालयको सिफारिस सहित देहाय बमोजिमका संलग्न कागजातहरु पेश भए पश्चात मात्र सिफारिस गर्ने भएको हुँदा संघ-संस्था दर्ता तथा नविकरणको लागि सिफारिस गर्दा उल्लेखित कागज-पत्र समावेश गर्न/गराउनु हुन जानकारी गराईन्छ ।

**जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता तथा नविकरण सिफारिसका लागि आवश्यक कागजातहरु :**

१ संस्थाको निवेदन - १ थान ।
२ सम्बन्धीत वडा कार्यालयको सिफारिस - १ थान ।
३ संस्थाको विधान - थान । (संस्था दर्ताको लागि मात्र)
४ जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समितिको कार्यालयमा संस्था दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको फोटोकपी - १/१ थान ।
५ संस्थाको आफनो घर भए घरकर तिरेको रसिद वा भाडामा बसेको भए घरभाडा कर तिरेको रसिदको फोटोकपी - १ थान ।
६ संस्थाको लेखा परीक्षण प्रतिवेदन - १ थान ।
७ संस्थाको वार्षिक प्रगति प्रतिवेदन - १ थान ।
८ संस्थाको कार्य समितिको बैठक/साधारण सभाको निर्णय माईन्युटको फोटोकपी - १ थान ।

..........................
**सुशीला पौडेल (ढकाल)**
(प्रमुख प्रशासकीय अधिकृत)